म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ७४ २०८१ माघ १८ गते शुक्रबार 31 January 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## सुमो दुर्घटनामा तीन जनाको मृत्यु

खोटाङ : ओखलढुंगामा सुमो दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । खोटाङबाट काठमाडौं जाँदै गरेको ना १ ज ६४२१ नम्बरको सुमो ओखलढुंगाको मानेभन्ज्याङ गाउँपालिका-७, भडारेखोलामा बुधबार राति दुर्घटना हुँदा एकै परिवारका तीन जनाको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक प्रतीक विष्टका अनुसार आगोले घाइते भएकी केपिलासगढी गाउँपालिका-३ बास्पानीकी ५६ वर्षीया मायादेवी गुरुङलाई उपचारका लागि काठमाडौं लैजाने क्रममा उनीसहित उनका छोरा २८ वर्षीय पूजन गुरुङ र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपाकी ४५ वर्षीया तारा गुरुङको मृत्यु भएको हो । सुमो चालक सुनसरी इनरुवा नगर पालिका-२ का २२ वर्षीय अनिल पण्डित फरार रहेको प्रहरीले जनाएको छ ।

### आज बागमती प्रदेश सभा बैठक बस्दै

# विपक्षीको चेतावनीपछि विधेयक पेश नहुने

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाको शुक्रबार बस्ने बैठकमा विधेयक पेश नहुने भएको छ । ४ महिनापछि आज शुक्रबार बस्न लागेको प्रदेशसभाको १५ औं अधिवेशनको पहिलो बैठकमा शुभकामना सन्देश मात्र दिने कार्यसूचि निर्धारण गरिएको हो ।

बिहीबार साँझ बसेको प्रदेशसभाको कार्यव्यवस्था परामर्श समितिको बैठकले शुक्रबार विहान ११ बजे बस्ने प्रदेश सभा बैठकको कार्यसूचिमा दलीय रुपमा शुभकामना सन्देश दिने कार्यसूचि तय गरिएको हो । प्रदेशसभा सचिवालयका अनुसार सदनमा दलगत रुपमा नेताहरुले शुभकामना सन्देश र प्रदेश प्रमुख कार्यालयबाट प्राप्त पत्रहरुको बारेमा जानकारी गराउने कार्यसूचि निर्धारण भएको सभामुख भुवनकुमार पाठकले बताउनुभयो ।

उहाँका अनुसार शुक्रबार नै प्रदेश सभाको स्थापना दिवस रहेकाले मन्तव्यको कार्यसूचिपछि बैठक स्थगित गरिने छ । सो पश्चात हाउसका गतिविधि र कार्यसूचिका विषयमा सत्तापक्ष र प्रतिपक्षको छलफलपछि निर्णय हुने उहाँले बताउनुभयो । सत्तापक्षीय दल नेपाली कांग्रेस बागमती प्रदेशका मुख्य सचेतक गोविन्द लम्सालले शुक्रबार प्रदेश सभा खुलाएर मन्तव्यको कार्यसूचि तय गरिएको बताउनुभयो । सो पश्चात सत्तापक्षले छलफल प्रारम्भ गरी प्रतिपक्षको मागका सन्दर्भमा सम्बोधन गरेर अघि बढ्ने उहाँले बताउनुभयो । आजको बैठकपछि दलहरु बीच छलफल गरेर माघ २३ गतेबाट नियमित रुपमा प्रदेश सभाको बैठक संचालनको वातावरण तयार गरिने उहाँको भनाई छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले शुक्रबारको बैठकमा शुभकामना मन्तव्य बाहेक कार्यसूचि अघि बढ्न नसक्ने जनाएको छ । कार्यव्यवस्था परामर्श समितिको बैठकमा हाउसमा विधेयक पेश गर्ने र छलफल गर्ने प्रस्ताव आएपनि उक्त विषय अघि बढाउन नसकिने तर्क माओवादी केन्द्र सहितका विपक्षी दलहरुले गरेका थिए । माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालले प्रदेश सभाको स्थापना दिवस भएकाले शुभकामना मन्तव्य बाहेकका कार्ययोजना अघि नबढ्ने बताउनुभयो । कार्यव्यवस्था परामर्श समितिको बैठकमा विधेयक पेश तथा अन्य प्रस्तावहरु पनि आएको उहाँले जानकारी दिनुभयो । तर, सरकारले प्रतिपक्षी दलसँगको सहमति कार्यान्वयनको वातावरण नबनाएकाले प्रदेश सभामा विधेयक पेश गर्ने तथा अन्य गतिविधि अघि नबढ्ने उहाँको भनाई छ । दलगत रुपमा नेताहरुले मन्तव्य राखेपछि प्रदेश सभाको थप कारवाही रोकिने उहाँले बताउनुभयो । प्रतिपक्षी दलहरुसँगको सहमति र कार्यदलको प्रतिवेदनको कार्यान्वयनको वातावरण नबनेसम्म प्रदेश सभाको गतिविधि अघि बढ्न नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

# मकवानपुरमा मनाइयो सोनाम ल्होछार




ल्होसारको अवसरमा हेटौंडा-१० मा आयोजित साँस्कृतिक कार्यक्रममा नृत्य प्रस्तुत गर्दै कलाकार । तस्वीर : विनोद कुमार बानियाँ ।

समाज संवाददाता

हेटौंडा: मकवानपुरमा विविध कार्यक्रम गरेर २८६१ डुल सा पुखी ल्हो (सर्प वर्ग) सोनाम ल्होछार पर्व मनाएको छ । तामाङ सांस्कृतिक महोत्सव र वृहत् सांस्कृतिक कार्यक्रम गर्दै ल्होछार पर्व मनाइएको हो ।

नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरले 'ह्याङ्लान काअीरन ह्याङ्लान काअी- जम्बुलिङरी छार्ना लाअी' भन्ने उद्देश्यले २८६१ डुल सा पुखी ल्हो (सर्प वर्ग) सोनाम ल्होछारको अवसरमा हेटौंडा-१०, टिसीएन चौरमा महोत्सव आयोजना गरिएको छ । निर्माणाधीन तामाङ संग्रहालय भवन निर्माण सहयोगार्थ महोत्सवमा लामा, बोम्बो, ताम्बा डम्फुरेसहितको ऱ्याली तथा झाँकी प्रदर्शन, शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम गरिएको छ ।

पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएको भन्दै तामाङ पत्रकार संघ बागमती प्रदेश अध्यक्ष ज्ञानेन्द्र तामाङ, नेपाल आदिबासी जनजाति पत्रकार महासंघ मकवानपुर अध्यक्ष नवराज वाईबा, सञ्चारिका समूह नेपाल मकवानपुर अध्यक्ष निशा गुरुङ र तामाङ पत्रकार संघ मकवानपुर अध्यक्ष जयराम मोक्तानलाई सम्मान गरिएको छ । महोत्सवमा मकवानपुरे तामाङ कलाकारहरुको प्रस्तुति र तामाङ मौलिक भेषभुषा तथा खानाका परिकारहरु प्रदर्शन गरिएको थियो ।

तामाङ कलाकार संघ मकवानपुरको सहआयोजनामा महोत्सव भएको हो । महोत्सवमा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष कालु घलानको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो ।

# शिक्षा सुधार्न १० नम्बर वडाको ४ बुँदे प्रतिबद्धता

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर-१० को शैक्षिक सुधारका लागि सरोकारवालाले ४ बुँदे सामूहिक प्रतिबद्धतामा हस्ताक्षर गरेका छन् । बुधबार वडा अध्यक्ष फुर्बा दोर्जे लामाको प्रमुख आतिथ्यमा सरोकारवालाले प्रतिबद्धतामा हस्ताक्षर गरेका हुन् ।

वडामा रहेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, वडाका सामाजिक व्यक्तित्वको उपस्थितिमा प्रतिवद्धता व्यक्त गरिएको हो । प्रतिवद्धतापत्रको पहिलो बुँदामा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले विद्यालयलाई २ वर्षभित्र अन्तर्राष्ट्रिय मापदण्डसहितको विद्यालय बनाउने तथा प्रविधिमैत्री नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक सम्पूर्ण प्रशासनिक तथा व्यवस्थापकीय सुधारका लागि प्रतिवद्धता व्यक्त गरेका छन् ।

शिक्षकहरुले आआफ्नो विषयगत तथा तहगत जिम्मेवारी बहन गर्दै विद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्यका रुपमा विकास गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । यस्तै वडाभित्र रहेको एक मात्र सामुदायिक माध्यमिक विद्यालयलाई वडाकै गौरवको परियोजनाको रुपमा विकास गर्न तथा विद्यालयको रुपान्तरणका लागि आवश्इक स्रोत, साधनको व्यवस्थापनका लागि प्रतिवद्धता व्यक्त गरिएको छ । यस्तै विद्यालय समुदायको सम्पत्ति र जिम्मेवारी भएका कारण सरोकारवालाको रुपमा विद्यालयलाई सहयोग र्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

४ बुँदे प्रतिवद्धताअघि सोमबार र मंगलबार २ दिने वडा कार्यालयको सहयोगमा वडाका सामुदायिक र संस्थागत गरी ४ वटा विद्यालयका शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम गरिएको थियो । हेटौंडा-१० मा ज्ञानदा माध्यमिक विद्यालय र संस्कृत वेद विद्यालय सरकारी विद्यालयको रुपमा सञ्चालित छ भने तुलसीमेहर मेमोरियल स्कूल र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी संस्थागत विद्यालयको रुपमा सञ्चालित छ ।

मंगलबार 'बृहत राष्ट्रिय शिक्षा अभियान' का संयोजक तथा प्रशिक्षक अभिषेक घिमिरेले ज्ञानदा माध्यमिक विद्यालय अवलोकन गरी तत्काल सुधार्नु पर्ने कुरा र आगामी शैक्षिक सत्रमा सुधार्नु पर्ने विषयमा बुधबार शिक्षक, समाजसेवी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीहरुलाई अभिमुखीकरण गराउनुभएको थियो । ज्ञानदा माध्यमिक विद्यालयकी सहायक प्रधानाध्यपक रमा अधिकारीका अनुसार नजिकिँदै गरेको एसईईको तयारीका लागि विद्यालयमै दिवा कक्षाको व्यवस्था गरिएको छ । आआफ्नो बालबालिकाको शिक्षाको विषयमा अभिभावकलाई शिक्षाको महत्वको विषयमा स्पष्ट पार्नुपर्ने र विद्यार्थीलाई पनि पढाई प्रति चासो राख्नुपर्ने उहाँले बताउनु भयो ।

## १८ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्ला व्याटमिन्टन संघको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । बिहीबार हेटौंडा-११ स्थित बहुउपयोगी कभर्ड हलमा भएको कार्यक्रममा १८ जनाले रक्तदान गरेका छन् । हेटौंडा-११ स्थित सामुदायिक प्रहरी सेवा केन्द्रको सहकार्यमा भएको रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।






# सम्पादकीय

## अधिवेशन सार्थक बनोस्

लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष भनेको शक्ति पृथकीकरण र शक्ति सन्तुलन हो । देशको शासन व्यवस्था सञ्चालनका लागि विशेष अधिकारसहितका राज्यका अंगहरुको व्यवस्था गरिएको हुन्छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई लोकतान्त्रिक शासन व्यवस्थामा राज्यका प्रमुख अंग मानिन्छ । यी तीन वटै अंगबीच शक्ति सन्तुलन कायम गरिएको हुन्छ । एउटा अंगमा मात्र शक्ति थुप्रिन नदिनका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्तिको बाँडफाँड गरेर एउटाले अर्कोको शक्ति सन्तुलन गरिरहेको हुन्छ । नेपालमा पनि संविधानले यी तीनै तहका लागि शक्तिको बाँडफाँड गरेको छ । तर, व्यवहारमा कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकामाथि प्रभाव पारिरहेको देखिन्छ । सरकार अर्थात् कार्यपालिकाले व्यवस्थापिका (संसद) र न्यायपालिका (अदालत)को निर्देशनलाई बेवास्ता गर्ने गरेको पाइन्छ । संसद र अदालतको कतिपय निर्देशनलाई सरकारले नमान्नेमात्र नभई यी दुई अंगमा पनि राजनीतिक प्रभाव पार्ने काम भइरहेको छ ।

सरकारले संसद छलेर अध्यादेशमार्फत् शासन चलाएर व्यवस्थापिकाको भूमिका कमजोर बनाउने र राजनीतिक भागबण्डाबाट न्यायाधीश नियुक्त गरेर न्यायपालिकालाई कमजोर बनाउने गरेको छ । संसदमा सत्तापक्षका सांसदले सरकारको गलत कार्यशैलीको बिरोध नगर्ने र अदालतले पनि सरकारको पक्षमा फैसला गर्ने परिपाटीले यी अंगको भूमिका र गरिमालाई कमजोर सावित गरिरहेको छ । संसद भनेको जनताको प्रतिनिधिमूलक संस्था हो भने सरकार संसदले बनाउने हो । यसैले संसद र सरकार जनताप्रति उत्तरदायी हुनुपर्छ । अदालतले देशका प्रचलित कानुनबमोजिम सही गलतको निर्णय गर्नुपर्छ । तर, जनताको मतले विजयी भए पनि जनप्रतिनिधिले अर्को चुनाव नआउँदासम्म जनतालाई बिर्सने र दलीय स्वार्थअनुकूल काम कारबाहीमा सक्रिय हुने अवस्था गम्भीर विषय हो । जनताको अपेक्षाअनुरुपको काम गर्नुको विकल्प जनप्रतिनिधिमा हुँदैन ।

आजबाट संघीय प्रतिनिधिसभा र बागमती प्रदेशसभाको हिउँदे अधिवेशन सुरु हुँदैछ । संघीय र प्रदेशको संसदले संघीयता कार्यान्वयनका लागि थुप्रै कानुन बनाउन बाँकी छ । बनाएका कयौं कानुन समयअनुकूल संशोधन गर्नुपर्ने छ । सरकारको काम कारवाहीलाई जनमुखी बनाउन खबरदारी गर्नुपर्ने छ । प्रतिनिधिसभाले संघीय सरकारले ल्याएको अध्यादेश र संसदमा विचाराधीन विधेयकहरुको टुंगो लगाउनुछ भने बागमती प्रदेशसभाले पनि प्रदेशसभामा पेश भएका विधेयक छलफल गरेर टुंगो लगाउनुछ । बागमती प्रदेशसभामा ४ वटा संशोधन विधेयकहरु दर्ता भएका छन् । आजबाट सुरु हुने अधिवेशनबाट पारित गर्नेगरी प्रदेश खेलकुद ऐन, प्रदेश औद्योगिक व्यवसाय ऐन, प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनको संशोधन विधेयक प्रदेशसभामा दर्ता भएको छ ।

विगतमा जस्तो अहिले राजनीतिक अस्थिरता र संक्रमणको अवस्था छैन । देशमा जनप्रतिनिधिले बनाएको संविधान छ । संसारकै सबैभन्दा उत्कृष्ट भनिएको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली छ । अझ संघीयता सहितको शासन व्यवस्था छ । केन्द्र र सबैजसो प्रदेशमा ठूला दुई दलको गठबन्धनबाट सरकार बनेको छ । उनीहरुसँग झण्डै दुई तिहाइ बहुमत छ । यस्तो अवस्थामा पनि व्यवस्थापिकाले जनहितका लागि आवश्यक काम गर्न सकेन भने जनतालाई दिने जवाफ के हुन्छ ? हिउँदे अधिवेशनमा संघ र प्रदेशको संसदलाई पर्याप्त विजनेश दिएर परिणामुखी नतिजाका लागि सरकारले ध्यान दिनु आवश्यक छ । मुलुकलाई समृद्धितर्फ अघि बढाउन कुनै बहानाबाजी नगरी ठोस परिणाम दिने काम गरेर चालु अधिवेशनलाई सार्थक बनाउनुपर्छ । संसदले ठोस परिणाम दिने काम नगर्ने हो भने सांसद र राजनीतिक दलका नेतृत्वलाई जनताले पत्याउने छैनन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : धार्मिक काममा सरिक भइने समय योग छ ।
- **वृष** : लेखाइ–पढाइ ठिकै रहने समय योग छ ।
- **मिथुन** : पारिवारीक वादविवाद कायम रहने योग छ ।
- **कर्कट** : परिबन्ध र बाध्यताका काममा खुम्चनु पर्ला ।
- **सिंह** : कामप्रति सजगता अपनाउनुपर्ने योग छ ।
- **कन्या** : स्वास्थ्य समस्या योग रहने समय छ ।
- **तुला** : गुमेको धन हात पर्ने योग रहेको छ ।
- **वृश्चिक** : पढाइ–लेखाइ मध्यमकारक नै रहने योग छ ।
- **धनु** : मनोरञ्जनमा समय व्यतित हुने योग देखिन्छ ।
- **मकर** : क्षमता अनुरुप परिश्रमका काममा समय दिँदा राम्रैं ।
- **कुम्भ** : धार्मिक एवम् सामाजिक काममा मन जाने छ ।
- **मीन** : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक छन् ।

# जलवायु परिवर्तनः प्रभाव, असर र नेपालको प्रयास



श्यामलाल दुलाल

जलवायु परिवर्तन लामो समयको जलवायु सम्बन्धि तथ्याङ्कको नियमितताामा देखिने स्थायी प्रकृतिको परिवर्तन हो । पृथ्वीको वायुमण्डलको तापक्रम स्थिरताका लागि सूर्यबाट जति सौर्य विकिरण प्राप्त हुन्छ त्यति नै विकिरण पुनः अन्तरिक्षमा फिर्ता हुन्छ । तर, कुनै कारणवश विकिरणको लेनदेनमा घटबढ भएर असन्तुलन कायम भइ पृथ्वीको वायुमण्डलको तापक्रम घटबढ हुन जान्छ र जलवायुमा परिवर्तन आउँछ । बेलाबेलामा मौसममा मात्रै आउने उतारचढावलाई वातावरणीय परिवर्तन मान्न सकिन्न ।

जलवायु परिवर्तन मानव जाति र समग्र प्राणीको भविष्यसँग जोडिएको विषय हो जसका कारण पछिल्लो समय यो विषय विश्वव्यापी रुपमा छलफलको विषय बनेको छ । वैज्ञानिक अध्ययनका अनुसार मानवीय क्रियाकलापबाट उत्सर्जित हरितगृह ग्यास जलवायु परिवर्तनको मुख्य कारक हो । वनजंगलको विनाश, कोइला, खनिजजन्य इन्धनको अत्यधिक प्रयोग, औद्योगिकीकरण आदिबाट हरितगृह ग्यास उत्सर्जन भइरहेको छ । मिथेन, नाइट्रस अक्साइड, कार्बन डाइअक्साइड जस्ता हरितगृह ग्यास बढ्दा ओजन तह विनाश गर्ने दर उच्च हुँदै गएको छ । जसका कारण क्लोरोफोलोरो कार्बन जस्ता अन्य विषाक्त ग्यासको उत्सर्जन बढी हुँदा पृथ्वीको तापक्रममा वृद्धि हुँदै गएको हो ।

### बढ्दै छ नेपालको औसत तापक्रम

जलवायु परिवर्तनका कारण नेपालमा अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०४ देखि ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भइरहेको छ। मध्यम अवधि (सन् २०१६-२०४५) मा वार्षिक औसत तापक्रम ०.९ देखि १.१ डिग्री सेल्सियसको दरले वृद्धि हुन सक्ने र लामो अवधि (सन् २०३६-२०६५) मा वार्षिक औसत तापक्रम १.३ देखि १.८ डिग्री सेल्सियसको दरले वृद्धि हुन सक्ने प्रक्षेपण गरिएको छ । यस शताब्दीको अन्त्यसम्ममा वर्षा औसतमा ११ देखि २३ प्रतिशतले र तापक्रम औसतमा १.७२ देखि ३.५८ डिग्री सेल्सियसले वृद्धि हुने अध्ययनबाट देखिएको छ ।


जलवायु परिवर्तनले हिमाली क्षेत्रको तापक्रम वृद्धिदर अन्य क्षेत्रको भन्दा औसत ०.३ देखि ०.७ डिग्री सेल्सियसले बढी हुने अनुमान छ। यसले जलवायु परिवर्तनको असर प्रत्यक्ष रुपमा अझ विशेष गरी हिमाली क्षेत्रमा देखिन थालेको छ । अहिलेकै दरमा तापक्रम वृद्धि हुँदै गएमा जलवायु परिवर्तनका कारण हिमालयको हिउँ पग्लिने क्रममा तिव्रता आउने र करिव ८० प्रतिशत हिमनदी सन् २१०० भित्रै पग्लिने प्रक्षेपण गरिएको छ ।


### जलवायु परिवर्तनको प्रभाव

जलवायु परिवर्तनको प्रभाव प्रायः सबै राष्ट्रहरुमा परिरहेको छ । विशेषगरी विकासोन्मुख र गरिब देशहरु यसको चपेटामा परेका छन् । जलवायु परिवर्तनको कारण मानव जीवन, पर्यावरणसहित सामाजिक, आर्थिक, शारीरिकलगायत अधिकांश क्षेत्र प्रभावित हुँदै छन् । जलवायु परिवर्तनका कारण विश्व अर्थतन्त्रमा प्रतिकूल प्रभाव परिरहेको छ ।

जलवायु परिवर्तनको जोखिमको हिसावले नेपाल उच्च स्थानमा रहेको छ । नेपालमा जलवायु परिवर्तनको असर तथा प्रभाव प्रायः सबै क्षेत्रमा परेको पाइएतापनि खास गरेर कृषि तथा खाद्यान्न, जलस्रोत, वनजंगल तथा जैविक विविधता, स्वास्थ्य, पर्यटन तथा पूर्वाधारमा प्रतिकूल प्रभाव परेको तथ्यहरु उल्लेख भएका पाइन्छन् ।

नेपालमा विशेषगरी जलवायु परिवर्तनले निम्त्याउने बाढीपहिरो, अनियमित वर्षा आदिका कारण सडक, पुल, सिँचाइ, आवास खानेपानीजस्ता भौतिक पूर्वाधारका संरचना निकै प्रभावित हुने देखिन्छन् । विश्व बैंकको प्रतिवेदन अनुसार जलवायु परिवर्तनका कारण नेपाली अर्थतन्त्रका कृषि, पूर्वाधार संरचना तथा श्रम उत्पादकत्व क्षेत्र प्रभावित हुने देखिएको छ । कृषि, पूर्वाधार संरचना र श्रम उत्पादकत्व कुनै पनि अर्थतन्त्रका मूलभूत विषय हुन् । यी महत्वपूर्ण क्षेत्र प्रभावित हुनुको अर्थ मुलुकको अर्थतन्त्र नराम्ररी प्रभावित हुने दिशातिर अग्रसर छ भन्ने बुझिन्छ । जलवायु परिवर्तनका कारण मौसममा आएको परिवर्तन स्वरुप बढ्दो तापमान, अनावृष्टि, अतिवृष्टि, बाढीपहिरो, नदी कटान, कृषि बालीको भौतिक क्षति आदिका कारण कृषि उत्पादनका क्षेत्रमा निकै नकारात्मक प्रभाव परिरहेको छ ।






विश्व बैंकको प्रतिवेदनले आगामी ५० वर्षमा तापमानमा १.५ प्रतिशतले वृद्धि हुँदा ५ प्रतिशत भौतिक पूर्वाधारका संरचना नष्ट हुने जनाएको छ । जलवायु परिवर्तनका कारण विभिन्न रोगको आक्रमण, बसाईँसराइका प्रभाव स्वरुप जनस्वास्थ्यमा असर पर्नुको साथै श्रम उत्पादकत्वका क्षेत्रमा पनि प्रतिकूल प्रभाव पर्ने विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ ।

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्ने प्रभावको फलस्वरुप सन् २०३० अर्थात् एक दशकभन्दा कमको अवधिमा कुल आर्थिक वृद्धिदरमा ०.७ देखि ०.८ प्रतिशतले संकुचन आउने प्रक्षेपण गरिएको छ जुन अत्यन्तै चिन्ताको विषय हो ।

ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स २०२० का अनुसार जलवायु परिवर्तनको जोखिमको हिसाबले नेपाल विश्वको ९ औं स्थानमा रहेको छ भने पाकिस्तान ५ औं र बंगलादेश ७ औं स्थानमा रहेका छन् । जलवायु परिवर्तनको जोखिममा रहेका देशहरुको अवस्था तालिकामा देखाइएको छ।

| जलवायु जोखिमक्रम | देश | जलवायु जोखिम सूचक | मृत्यु सङ्ख्या | मृत्यु प्रति एक लाख जनसङ्ख्या | कुल नोक्सानी ( मिलियन अमेरिकी डलर) | प्रतिएकाइ कुल गार्हस्थ उत्पादनमा नोक्सानी ( प्रतिशत) | घटनाको सङ्ख्या ( सन् १९९९-२०१८) |
|---|---|---|---|---|---|---|---|
| १ | पुएर्टो रिको | ६.६७ | ११५० | ४ | ४५६७ | ३.७६ | २५ |
| २ | म्यानमार | १०.३३ | ७०५२ | १४ | १६३० | ०.८५ | ५५ |
| ३ | हाइटी | १३.८३ | २७४ | ३ | ३८९ | २.३८ | ७८ |
| ४ | फिलिपिन्स | १७.६७ | ८७० | १ | ३११९ | ०.५७ | ३१७ |
| ५ | पाकिस्तान | २८.८३ | ४९९ | १ | ३७९२ | ०.५३ | १५२ |
| ६ | भियतनाम | २९.८३ | २८६ | १ | २०१९ | ०.४७ | २२६ |
| ७ | वङ्गलादेश | ३०.०० | ५७७ | १ | १६८६ | ०.४१ | १९१ |
| ८ | थाइल्याण्ड | ३१.०० | १४० | १ | ७७६४ | ०.८७ | १४७ |
| ९ | नेपाल | ३१.५० | २२८ | १ | २२६ | ०.४० | १८० |
| १० | डोमिनीका | ३२.३३ | ३ | ५ | १३३ | २०.८० | ८ |

(स्रोत: ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स २०२०)

एशियाली विकास बैंकको २०२० को प्रतिवेदन अनुसार नेपालको अर्थतन्त्रमा जलवायु परिवर्तनको प्रतिकूल प्रभावको कारण कुल गार्हस्थ उत्पादनमा सन् २०५० सम्ममा वार्षिक २.२ प्रतिशत नोक्सानी र सन् २१०० सम्ममा ९.९ प्रतिशत नोक्सानी हुने अनुमान गरिएको छ। वन तथा वातावरण मन्त्रालयले तयार गरेको जलवायु परिवर्तनसम्बन्धी जोखिम आँकलन प्रतिवेदन २०७८ अनुसार जलवायुजन्य विपद्का घटनाका कारण नेपालको अर्थतन्त्रमा प्रतिवर्ष २.७७८ मिलियन अमेरिकी डलर नोक्सानी भइरहेको छ ।

यसका साथै गत २०८१ असोजमा भएको विपद्का घटना पनि जलवायु परिवर्तनको एक प्रभावको रुपमा लिन सकिन्छ। उक्त घटनालाई विश्लेषण गर्दा जलवायुजन्य विपद्का घटनाबाट बागमती प्रदेशका २१६ जनाले ज्यान गुमाउनु परेको थियो। विपद्का कारण बागमती प्रदेशभित्रका काठमाडौं उपत्यका बाहेकका १० जिल्ला मध्ये सबैभन्दा धेरै काभ्रेमा ७९ जनाको मृत्यु भएको छ। जसमा १६८ जना घाइते भएका छन् भने १४ जना बेपत्ता भएका छन् । विपद्का कारण समस्यामा परेका १५ हजार ७७९ जनालाई उद्धार गरिएको छ । बागमती प्रदेशमा गत असोजमा भएको जलवायुजन्य विपद्को घटनाको क्षतिलाई तालिकामा देखाइएको छ ।

| सि.नं. | प्रदेश | जिल्ला | मृत्यु | घाईते | बेपत्ता | उद्धार |
|---|---|---|---|---|---|---|
| १ | बागमती | मकवानपुर | ७ | ३ | ० | ५४ |
| २ | | चितवन | ० | ० | ० | ३१८ |
| ३ | | धादिङ | ३९ | ७ | ० | |
| ४ | | नुवाकोट | ० | १ | ० | १९ |
| ५ | | रसुवा | ० | ० | ० | १९ |
| ६ | | काभ्रे | ७९ | ९२ | ६ | १२६४७ |
| ७ | | सि.पा. | १० | १७ | २ | २८ |
| ८ | | दोलखा | ७ | ५ | ० | ९ |
| ९ | | रामेछाप | १ | ३ | ० | ११९ |
| १० | | सिन्धुली | २ | १ | ० | ४८१ |
| ११ | | काठमाण्डौ | २० | १८ | १ | १४४२ |
| १२ | | ललितपुर | ४६ | १८ | ५ | ६४३ |
| १३ | | भक्तपुर | ५ | ३ | ० | ० |
| जम्मा | | | २१६ | १६८ | १४ | १५७७९ |

(स्रोत: अन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश)

### किन जलवायु परिवर्तनको उच्च जोखिममा रहेको छ नेपाल ?

(क) कमजोर भौगर्भिक बनावट/अधिकांश भूबनोट भिरालो र अग्लो होचो रहेको,

(ख) प्राकृतिक स्रोत, कृषि र पर्यटनमा आधारित अर्थतन्त्र जुन जलवायुमा हुने सानो परिवर्तनबाट पनि धेरै प्रभावित हुने,

(ग) प्राकृतिक स्रोतमा अत्यधिक निर्भरता रहेको,

(घ) तीव्र आँधीबेहरी, बाढी, पहिरो, खडेरी र अनिकाल जस्ता प्रकोप र त्यसबाट पर्ने प्रभाव र सम्भावित असरहरु पहिचान गरी तिनीहरूबाट बच्ने क्षमता र स्रोतको कमी रहेको,

(ङ) अल्पविकसित राष्ट्र भएकोले जलवायु परिवर्तनको असरबाट जुध्न आवश्यक आर्थिक, प्राविधिक र अन्य स्रोतसाधनको कमी रहेको,

(च) जलवायु परिवर्तनबाट हुने प्रभावबारे चेतनामा अझै कमी रहेको,

(छ) जलवायु परिवर्तनबाट आर्थिक तथा सामाजिक विकासका क्षेत्र, प्राकृतिक स्रोत तथा जनजीविकामा परेको असर तथा पर्न सक्ने प्रभाव र उपलब्ध प्रविधि तथा क्षमताको बारेमा अध्ययन, अनुसन्धान, सूचना र ज्ञानको आवश्यकतामा कमी रहेको ।

### नेपालमा जलवायू परिवर्तनका असरः

जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखापरेको गम्भीर समस्या हो । यसबाट धनी तथा विकसित राष्ट्रहरुको तुलनामा गरिब तथा विकासोन्मुख राष्ट्रहरु बढी प्रभावित भएका छन् ।

विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका भए पनि नेपाल जलवायु परिवर्तनका प्रतिकूल असरहरुको जोखिम उच्च रहेका राष्ट्रहरुमध्ये एक हो । धरातलीय विविधता, कमजोर भौगर्भिक बनावट, संवेदनशील पारिस्थितिक प्रणाली र जलवायु तथा सुक्ष्म जलवायु क्षेत्रहरुको विविधता यसका मुख्य कारणहरु हुन् ।

यसका अतिरिक्त गरिबी, अशिक्षा, सामाजिक असमानता साथै समुदायको जीविकोपार्जन प्राकृतिक स्रोतमा बढी निर्भर रहेका कारणले पनि नेपाल जलवायु परिवर्तनका असरहरुप्रति अझ बढी संवेदनशील मानिएको छ । जलवायु परिवर्तनका नकारात्मक असरहरु वन तथा जैविक विविधता, ऊर्जा, मानव स्वास्थ्य, पर्यटन, बसोबास, पूर्वाधार विकास लगायत जीविकोपार्जनसँग सम्बन्धित क्षेत्रहरुमा प्रत्यक्षतः महसुस गरिएको छ भने बाढीपहिरो, हावाहुरी तथा डढेलो जस्ता जलवायुजन्य प्रकोपहरूका कारण हरेक वर्ष ठूलो मात्रामा धनजनको क्षति भइरहेको छ ।

### तापक्रम

विश्वको औसत तापक्रम वृद्धिभन्दा नेपालको ऋतुजन्य तापक्रम द्रुत गतिमा बढ्दो छ र यो प्रवृत्तिको निरन्तरता कायम हुने सम्भावना छ। वार्षिक औसत तापक्रम सन् २००० लाई पूर्वाधार रेखा मान्दा सन् २०३० सम्म १.२ डिग्री सेल्सियसका दरले, सन् २०५० सम्म १.७ डिग्री सेल्सियसका दरले र सन् २१०० सम्म ३ डिग्री सेल्सियसका दरले बढने अनुमान प्रक्षेपण गरिएको छ। यो प्रक्षेपण गरिएको तापक्रम वृद्धिका साथै ऋतु अनुसार एवं स्थान विशेषको वास्तविक फेरबदल र

...बाँकी पृष्ठ ३ मा

## मेरो शिक्षण यात्रा

# विषय शिक्षकदेखि ग्रेड शिक्षकसम्म



सुमी श्रेष्ठ

**बालबालिकाको स्वभाव कोमल र संवेदनशील हुन्छ । उनीहरूले झर्किने र कडा व्यवहार मन पराउँदैनन् । उनीहरूसँग सहकार्य गर्दा सुरुमा उनीहरूको साथी बन्नु आवश्यक हुन्छ । माया र गालीको सन्तुलन राख्नुपर्ने कुरा मेरो मुख्य शिक्षा बन्यो ।**

शिक्षण पेशामा लागेको पनि एक दशकभन्दा बढी समय बितिसकेको छ । यस अवधिमा मैले अनेकौं अनुभवहरू सँगालेकी छु, जसले मलाई शिक्षण पेशाका विविध पाटाहरू बुझ्न मद्दत गरेको छ ।

मेरो शिक्षण यात्रा विषय शिक्षकको रूपमा सुरु भयो । लगभग १५ वर्षसम्म मैले विषय शिक्षकको भूमिका निर्वाह गरेँ । त्यो समय विद्यार्थीहरूलाई निश्चित विषयबारे ज्ञान दिनमा केन्द्रित रहन्थेँ । तर, केही वर्षअघि म ग्रेड शिक्षकको रूपमा काम गर्न थालेँ । अहिले कक्षा ५ को ग्रेड शिक्षकको भूमिकामा छु । यस भूमिकाले मलाई शिक्षणको गहिराइमा पुग्ने र बालबालिकाको मनोविज्ञानलाई नजिकबाट बुझ्ने मौका दिएको छ ।

जब मैले ग्रेड शिक्षकको जिम्मेवारी सम्हाल्न थालेँ, आरम्भमा मलाई निकै अप्ठ्यारो महसुस भयो । म यस भूमिकाका जिम्मेवारीबारे अनविज्ञ थिएँ । विद्यालयले तालिमको अवसर प्रदान गरे तापनि त्यसले मात्रै पर्याप्त ज्ञान दिन सकेन । मलाई यो भूमिकामा आफूलाई अभ्यस्त बनाउने प्रयासमा धेरै लगाव र लगानी गर्नुपर्‍यो ।

मैले विभिन्न स्रोतहरूको सहारा लिएँ । अनलाइन सामग्री अध्ययन गरेँ, पुस्तकहरू र विभिन्न शैक्षिक लेखहरू पढेँ । मेरो प्राथमिक उद्देश्य बालबालिकालाई राम्रोसँग बुझ्ने र उनीहरूको स्वभावअनुसार सिकाइ प्रक्रियालाई सहज बनाउने थियो । बालबालिकाको स्वभाव कोमल र संवेदनशील हुन्छ । उनीहरूले झर्किने र कडा व्यवहार मन पराउँदैनन् । उनीहरूसँग सहकार्य गर्दा सुरुमा उनीहरूको साथी बन्नु आवश्यक हुन्छ । माया र गालीको सन्तुलन राख्नुपर्ने कुरा मेरो मुख्य शिक्षा बन्यो ।

मेरो कक्षामा विभिन्न स्वभाव र रुचिका विद्यार्थीहरू छन् । कसैलाई चुपचाप पढ्न मन पर्छ भने कसैलाई हल्ला गरेर । यस्तो अवस्थामा मैले उनीहरूलाई अनुशासनमा राख्ने प्रयास गरेँ । मैले अभिभावकसँग संवाद बढाएँ, अनुसन्धान र प्रयोगका माध्यमबाट उनीहरूलाई नयाँ तरिकाले सिकाउने उपायहरू खोजेँ । मैले सिकाइलाई रमाइलो बनाउनका लागि खेलहरू, समूह गतिविधिहरू र रचनात्मक तरिकाहरू समावेश गरेँ ।

कार्ड खेल : विद्यार्थीसँग रमाइलो संवाद गर्दै ज्ञान बाँड्न उपयोग गरेँ ।

हुमन बिङ्गो : विद्यार्थीहरूको सहभागिता बढाउने गतिविधि ।

समूह कार्य : सहकार्यको भावना विकास गर्न उपयोगी ।

ग्रेड शिक्षकको रूपमा मैले धेरै नयाँ कुरा सिक्न पाएँ । बालबालिकाको मनोविज्ञानलाई बुझ्न र उनीहरुसँग नजिक हुनुपर्छ भन्ने मेरो मुख्य सिकाइ हो । मायालु तर अनुशासनयुक्त वातावरणमा सिकाइको प्रभाव धेरै राम्रो हुन्छ । मैले आफ्नो शिक्षण यात्रामा सधैँ सुधार र नयाँ खोज गर्ने प्रण गरिरहेकी छु । म आफ्नो शिक्षणलाई अझ स्तरीय र प्रभावकारी बनाउन निरन्तर लागिरहनेछु ।

*हेटौंडा-२*

# म्यानको अध्यक्षमा न्यौपाने र गौतमको उम्मेदवारी

समाज संवाददाता

हेटौंडाः मोबाइल एसोसिएसन अफ नेपाल (म्यान) मकवानपुरको अध्यक्षमा दुई जनाले उम्मेदवारी दर्ता गराउनुभएको छ । बिहीबार पत्रकार सम्मेलनमार्फत् अध्यक्ष पदमा हरिप्रसाद न्यौपाने (सागर) र रोहिणीप्रसाद गौतम (गोपाल)ले उम्मेदवारी दर्ता गराएको जानकारी दिनुभएको हो ।

कर तथा लेखासम्बन्धी तालिम सञ्चालन गरी व्यवसायीलाई सहजीकरण गर्ने, सेकेण्डह्याण्ड मोबाइल अनलक गर्नका लागि सम्झौतापत्रलाई अफ गरिने, अस्वस्थ प्रतिस्पर्धालाई अन्त्य गर्न पहल गर्ने अध्यक्षका आकांक्षीहरुको योजना छ । उत्तरी र पश्चिमी शाखाहरुलाई गतिशील बनाउने, पूर्वी क्षेत्रमा शाखा विस्तार गर्ने सक्दो पहल गर्ने, हितकोषको सुरुवात गर्ने र व्यवसायीको बिमाको दायरा वृद्धि गर्ने कार्यक्रमसमेत घोषणा गरिएको छ । यस्तै, दक्ष जनशक्ति तथा रोजगार सिर्जना गर्न तालिम सञ्चालन गर्ने, डिलर र रिटेलर बिचको सम्बन्ध सुधार गर्दै लानेजस्ता विषय उम्मेदवारको एजेण्डा रहेको छ ।

शनिबार हुने निर्वाचनमा अध्यक्ष र उपाध्यक्ष पदमा मात्रै मतदान हुने बताइएको छ । अध्यक्षका प्रत्यासी न्यौपाने हाल वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ भने गौतम उपाध्यक्ष हुनुहुन्छ । त्यस्तै, उपाध्यक्ष पदमा अनिल दास बानियाँ र शिवप्रसाद बास्तोलाले आफ्नो उम्मेदवारी दर्ता गराउनुभएको बताइएको छ ।

उम्मेदवारी दर्तासँगै १३ औं वार्षिक साधारणसभा तथा ७ औं अधिवेशनमा अध्यक्ष र उपाध्यक्ष पदका लागि मतदान हुने भएको हो । वरिष्ठ उपाध्यक्षमा राजकुमार दहाल, महासचिवमा मिलन स्याङ्तान, कोषाध्यक्षमा प्रवेश चापागाई, सहकोषाध्यक्षमा पुष्पराज गौतम, सचिवमा सुमन रायमाझी सर्वसम्मत चयन हुनुभएको छ । यस्तै, सदस्यमा एदिस रिजाल, जीवनाथ अधिकारी, पप्पु कुमार केसरी, सन्तोष दाहाल, अदाम हुसेन मंसुरी र निरोज रिमाल सर्वसम्मत चयन हुनुभएको छ । एक सय ३४ जनाले अध्यक्ष र उपाध्यक्ष पदका लागि मतदान गर्नेछन् ।

# महेन्द्र माध्यमिक विद्यालयको वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बकैया गाउँपालिकास्थित महेन्द्र माध्यमिक विद्यालयको ६३औं वार्षिकोत्सव समारोह बुधबार सम्पन्न भएको छ । वार्षिकोत्सवको अवसरमा विद्यालयले तीन दिन फरक-फरक कार्यक्रमको आयोजना गरेको छ ।

पहिलो दिन सोमबार विद्यार्थी, अभिभावक र शिक्षकबाट निर्माण गरिएका शैक्षिक सामग्रीको प्रदर्शन गरिएको थियो । त्यसैगरी दोस्रो दिन बुधबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम गैतमको सभाध्यक्ष तथा बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामीको प्रमुख आतिथ्यमा वार्षिकोत्सव कार्यक्रम औपचारिक रुपम उद्घाटन गरिएको प्रधानाध्यपक देवकी सिग्देलले जानकारी दिनुभयो । दोस्रो दिन मंगलबार विद्यालयमा महेन्द्र ईलोक्ट्रोनिक वर्कसपको प्रमुख अतिथि प्रेम बहादुर पुलामीले उद्घाटन गर्नुभयो । प्राविधिक धारका विद्यार्थीहरुलाई मध्यनजर गर्दै वर्कसप संचालन गरिएको र वर्कसपमा विद्यार्थीहरुले फुर्सदको बेला कार्य गर्ने छन् । आएको मुनाफाको ६० प्रतिशत प्राविधिक विद्यार्थीलाई ४० प्रतिशत विद्यालयको खातामा जाने प्रधानाध्यापक सिग्देलले जानकारी दिनु भयो ।

कार्यक्रमको अन्तिम दिन बुधबार साँकृतिक कार्यक्रम, कविता प्रतियोगिता र विभिन्न खेलकुद प्रतियोगिता गरिएको थियो । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम गैतमको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन गरिएको हो । तीन दिने कार्यक्रममा पूर्वविद्यार्थी जगत लामाद्वारा लेखिएको गीतमा छायाङ्कन गरिएको प्रधानाध्यपक सिग्देलले बताउनु भयो । समारोहमा प्रतियोगितामा सहभागी सम्पूण विद्यार्थी र प्रथम, द्वितीय र तृतीय विद्यार्थीलाई सम्मान गरिएको हो । साथै निवृत शिक्षक राधेश्याम राई र विद्यालय गीतका परिकल्पनाकार जगत लामालाई सम्मान गरिएको प्रधानाध्यापक देवकी सिग्देलले जानकारी दिनु भयो ।

# *जलवायु परिवर्तन...*

उच्च भेगमा गर्मीमा भन्दा हिउँदमा तापक्रम बढ्ने दर पनि विद्यमान छ ।

### वर्षा

नेपालमा हुने सरदर वार्षिक वर्षामध्ये ५० प्रतिशत वर्षा मनसुनमा हुने गर्दछ जुन १५(२० प्रतिशत सम्म बढ्ने र हिउँदमा हुने वर्षा घट्ने अनुमान गरिएको छ । जलवायु परिवर्तनले वर्षायाम र सुख्खायाम बीचको विषमतालाई भनै चर्काइदिने सम्भावना विद्यमान छ । यसबाट वर्षायामको अवधि र यसमा हुने वर्षाको मात्राको विषमतामा वृद्धि हुन्छ । यसका साथै उच्च तापक्रम, बढ्दो जलवाष्पिकरण र घट्दो हिउँदे वर्षाले बारम्बार सुख्खा/खडेरी निम्त्याउँछ । हिउँद र वर्षाकालमा हुने वर्षाको विषमता नै नेपालमा जलवायु परिवर्तन अनुकूलनको लागि कठिन चुनौती हो ।

### वनजंगल र जैविक विविधता

वनजंगल, चरिचरन, सिमसार क्षेत्र तथा पहाड र कृषिजन्य पारिस्थितिकीय प्रणाली जलवायु परिवर्तनबाट विभिन्न किसिमले प्रभावित हुन्छन् । वनक्षेत्रमा आगलागी बढ्ने प्रचुर सम्भावना रहन्छ र रुखबिरुवा टुप्पाबाट कुहिँदै जाने स्थिति रहन्छ । हानिकारक किरा तथा विषाणु, सङ्क्रामक प्रजाति र पहिरो जाने घटनामा वृद्धि हुने सम्भावना रहन्छ । जलवायु परिवर्तनले रुखको जीवन प्रणाली, बिरुवा तथा जनावरको जीवनचक्रको अवधि, वन वृद्धि र जैविक विविधताको तहमा पनि नराम्रो प्रभाव पर्न थाल्छ । यस्तो परिणामले वन सम्पदामा आश्रित समुदाय र समाजलाई नराम्रो असर पार्दछ । यी दुष्परिणामको गम्भीरता सबै ठाउँमा समान रहँदैन । विभिन्न भू-परिधि र पारिस्थितिकीय प्रणालीमा पर्ने असर भिन्नाभिन्नै हुन्छन् । यसबाट विभिन्न प्रजातिको वितरण र तिनको जैविक विविधतामा आएको ह्रास अहिल्यै देख्न सकिन्छ । यसका अतिरिक्त नेपालको वन क्षेत्रका पारिस्थितिकीय प्रणाली सेवा पनि प्रभावित भएको पाइएको छ ।

### कृषि तथा खाद्य सुरक्षा

उच्च तापक्रम र तापक्रम विभिन्नताले नेपालको कृषि(पारिस्थितिकीय प्रणालीमा फेरबदल ल्याइदिएको छ । यसले वर्षाको ढाँचा बदलिएको छ र सुख्खा खडेरीको समयावधि बढ्दो छ । उच्च तापक्रम तथा घनिभूत वर्षाका कारणले बालीनालीमा लाग्ने किरा र पशुजन्य रोगहरु बढ्दो क्रममा छन् । यसले उत्पादकत्व घटाउँदैछ । पानीको अभाव, असन्तुलित वर्षा र बाढीले निर्वाहमुखी कृषिमा आधारित अर्थतन्त्रमा नराम्रो क्षति पुर्‍याएको छ । अचानक आउने बाढी र पहिरोले नेपालको खेतीयोग्य भूमिलाई क्षयीकरण गरी नास गरिदिएको छ । यो स्थिति भविष्यमा पनि निरन्तर र हने देखिएको छ । कृषिको घट्दो उत्पादकत्वले खाद्य सुरक्षामा पनि चुनौती थपिदिएको छ ।

यस्तो निराशापूर्ण भविष्यवाणी गरिए तापनि तापक्रममा भएको वृद्धिले कृषिक्षेत्रमा केही अवसर पनि थपेको छ । समशीतोष्ण हावापानीमा फल्ने स्याउ जस्ता फलफूलहरु उच्च भेगमा फल्न सक्दछन् । वर्षा र तापक्रममा हुने मन्द वृद्धिले देशैभरि धानको उत्पादनमा र पश्चिमी नेपालमा गहुँको उत्पादनमा वृद्धि हुन सक्छ ।

### जलस्रोत तथा उर्जा

जलवायु परिवर्तनको परिणाम जलस्रोत र उर्जाका क्षेत्रमा पनि देख्न सकिन्छ । अति धेरै र अति थोरै मात्रामा पानीको उपलब्धता र यसको मौसम अनुकूल गुण तथा समयमा पनि उल्लेख्य परिवर्तन हुन सक्नेछ । यसले कृषि, उर्जा, जल आपूर्ति र मानव स्वास्थ्यमा असर पारेको छ । यसबाट जलजन्य विपत्तिको पनि सम्भावना बढेको छ । एकातिर नदी प्रवाहमा आएको परिवर्तनको प्रत्यक्ष प्रभाव नेपालको जलविद्युत क्षेत्रमा परेको छ भने अर्कातिर जंगलमा लाग्ने डढेलोका कारण दाउराको आपूर्तिमा कमी आएको छ । यसको राम्रो पक्ष भनेको उच्च भागमा पनि गोबर ग्यासको सञ्चालन हुन सक्ने सम्भाव्यता हो ।

### मानव स्वास्थ्य

जलवायु परिवर्तनले सङ्क्रामक रोगहरु बढी मात्रामा फैलन गएर नेपालको कमजोर स्वास्थ्य सेवामा चर्को दबाब परेको छ । जलवायु परिवर्तनले औषधीजन्य जडिबुटीको क्षमता र उपलब्धतामा कमी ल्याउँछ । रासायनिक संरचनामा आउने परिवर्तनले क्षमतामा फरक पार्दछ । साथै बालीनाली र चरन घाँसको पौष्टिकता पनि घट्न जान्छ । मौसमको विषम अवस्थाका कारण समुदायहरुको बसाइँसराइ शुरु भइसकेको छ । यस्ता बसाइँसराइका घटना भविष्यमा अझ बढेर जाने प्रबल सम्भावना छ ।

### जलवायुजन्य विपत्ति

बाढी, पहिरो, सुख्खा, खडेरी, हिमताल विस्फोटन, चट्टान पहिरो, अधिक वर्षा, गर्मी र ठण्डी जस्ता जलवायुजन्य खतराको दृष्टिले नेपाल अति असुरक्षित रहेको छ । नेपाल सरकारको नेशनल एडब्टेशन प्रोगाम अफ एक्सन (एनएपिए) २०१० को प्रतिवेदन अनुसार जलवायुबाट उत्पन्न हुने यस्ता विपत्तिका कारण नेपालमा प्रति वर्ष १० लाख मानिस संकटमा पर्दछन् ।

### सामाजिक प्रभाव

नेपालको जलवायुको संकटलाई विद्यमान सामाजिक-सांस्कृतिक र संस्थागत संरचनाले थप वृद्धि गरेको छ । जलवायु परिवर्तनको प्रभाव सबै जनतामा पर्छ तापनि महिला, बालबालिका, भिन्न किसिमले सक्षम र सीमान्तकृत समुदायमा अनुकूलनको क्षमता कम हुने हुँदा यस्तो प्रभाव बढी हुन्छ । पानी र दाउराको उपलब्धतामा कमी हुँदा वा कृषि पद्धतिमा प्रतिकूल परिवर्तन हुँदा त्यसको प्रत्यक्ष मार महिला र संकटासन्न समूहको जीवनमा पर्दछ ।

### जलवायू परिवर्तनमा विश्वको ध्यान

जलवायु परिवर्तन एक बहुआयामिक र मानव जातिको साझा सरोकारको विषय हो । नेपालले सन् १९९४ मा जलवायु परिवर्तन सम्बन्धी राष्ट्र संघीय महासन्धीमा हस्ताक्षर गरेसँगै सक्रियतापूर्वक जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित कार्यसम्पादन गर्दै आएको छ ।

नेपालले विभिन्न नीति, रणनीतिहरु, संस्थागत संरचना र कार्यक्रमहरु मार्फत जलवायु परिवर्तनको सवाललाई अघि बढाइरहेको छ । विश्व बैंकका सुझाव अनुसार वित्तीय व्यवस्थापन, व्यापार सहजीकरण, बाह्य क्षेत्र सुधार, वैदेशिक लगानी आकर्षणजस्ता उपाय अपनाउनु जरुरी छ । नेपाली अर्थतन्त्रमा जलवायु परिवर्तनजन्य असर कम गर्न सम्बन्धित क्षेत्रको ध्यानाकर्षण हुनु जरुरी छ ।

पेरिस सम्झौता (२०१५) मा पृथ्वीको तापमान वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्ने प्रतिबद्धता रहेको छ । सबै देशले प्रत्येक ५/५ वर्षमा जलवायु परिवर्तन सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने, क्योटो अभिसन्धी, १९९७; विकसित देशहरुका लागि हरित गृह ग्याँस उत्सर्जन कम गर्ने कानूनी रुपमा बाध्यकारी लक्ष्यहरु, जलवायु परिवर्तन संयुक्त राष्टू संघीय खाका महासन्धि, १९९२; कार्वन उत्सर्जन कम गर्ने र विकासोन्मुक देशहरुलाई आर्थिक सहयोग गर्न जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय सम्झौता र वार्ता भएका छन् ।

नेपालले जलवायु परिवर्तन न्यूनिकरण र अनुकूलनका लागि खुद शुन्य कार्वन उत्सर्जनको दिर्घकालीन रणनिति, २०७८ ल्याई सोही अनुरुप काम गर्दै आइरेहको छ । यसमा राष्टि्रय निर्धारित योगदानका क्षेत्रगत लक्ष्यहरु हेर्ने हो भने ४५ प्रतिशत भू-भागमा वन कायम गरिने, तराई र भित्री मधेसका ५० प्रतिशत र मध्य तथा उच्च पहाडी क्षेत्रका २५ प्रतिशत वन क्षेत्रको दिगो व्यवस्थापन गरिने, २५ प्रतिशत घरधुरीमा खाना पकाउन विद्युतीय चूलो प्रयोग गरिने, ५ लाख सुधारिएका चूलो, २ लाख बायोग्यास प्लान्ट, ५०० ठूला बायोग्यास प्लान्ट जडान गरिने, १५ हजार मेगावाट स्वच्छ ऊर्जाको उत्पादन, कल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट आपूर्ति गरिने, निजी सवारीसाधनको बिक्रीको ९० प्रतिशत र सार्वजनिक सवारीसाधन बिक्रीको ६० प्रतिशत विद्युतीय हुने, २०० किलोमिटर लामो विद्युतीय रेल सञ्जाल विकास गर्ने, प्रतिदिन ३८ करोड लिटर फोहोर पानीको प्रशोधन गरी विसर्जन गरिने, ६० हजार घनमिटर प्रतिवर्षका दरले मानव मल मूत्रजन्य फोहोरलाई व्यवस्थापन गर्ने लक्ष्यहरु निर्धारण गरिएको छ ।

नेपालको खुद शुन्य कार्बन उत्सर्जनको दिर्घकालीन रणनिति नेपाल सरकारको मन्त्रिपरिषद्को २०७८ कार्तिक ९ गतेको बैठकबाट स्वीकृत भएको छ । जसमा निम्न विषयहरु समेटिएका छन्ः

- नेपालको खुद शुन्य कार्बन उत्सर्जन सन् २०४५ सम्ममा पुरा गर्ने,
- यसका लागि विभिन्न परिदृश्यहरु तयार गरिएको र सबैभन्दा महत्वाकांक्षी विकल्प प्रस्तुत गरिएको,
- करिब ९६ खर्ब लगानी आवश्यक पर्ने,
- यसका लागि सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा विशेष गरी संघीयता अनुकूल हुने गरी छाता नीतिको रुपमा तयार गरिएको,
- जलवायु उत्थानशील समाजको विकास गरी सामाजिक आर्थिक समृद्धिमा योगदान गर्ने लक्ष्य रहेको,
- जलवायु वित्त परिचालन गर्दा कम्तिमा ८० प्रतिशत रकम स्थानीय स्तरमा कार्यक्रमका परिचालन गर्ने,
- नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका रहेको,
- नीतिको पुनरावलोकन तथा मुल्याङ्कन प्रत्येक पाँच वर्षमा गरिने (नीतिको १३ (ङ) बमोजिम) ।

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा जलवायु परिवर्तनका सन्दर्भमा सरकारले तपसिलका विषयमा जोड दिएको छ ।

- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय नीति तथा कार्ययोजना कार्यान्वयन गर्ने,
- जलवायु परिवर्तनका कारण हिमाली तथा पर्वतीय क्षेत्रमा परेको प्रभावसम्बन्धी मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न नेपालको नेतृत्वदायी भूमिका स्थापित गर्ने
- जलवायु संकटबाट अल्पविकसित तथा हिमाली मुलुकमा उत्पन्न जोखिमबारे विश्वको ध्यानाकर्षण गर्न, संवेदनशीलता जगाउन, सरोकारवाला मुलुकहरुको सञ्जाल निर्माण गर्न र जलवायु वित्तको नतिजामुखी परिचालन गर्न जलवायु परिवर्तन, हिमाल र मानवजातिको भविष्य विषयमा अन्तर्राष्ट्रिय संवाद आयोजना गर्ने,
- जलवायु परिवर्तनबाट परेको असरलाई एकीकृत र सन्तुलित रुपमा सम्बोधन गर्न राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने,
- जलवायुसँग सम्बन्धित अन्तर्राष्ट्रिय कोषको अधिकतम उपयोग गर्न र यस्तो कोषमाथिको अधिकार स्थापित गर्न विशेष प्रयत्न गरिने साथै जलवायु वित्तमा सहज पहुँच र निःशर्त प्राप्तिका लागि अन्तर्राष्ट्रिय मञ्चहरुमा सघन पैरवी गर्ने,

सरकारले १६ औं योजनामा जलवायु परिवर्तन सम्बन्धी रणनीति र देहायका कार्यक्रमहरु लक्षित गरेको छः

- जलवायु उत्थानशीलता र समावेशी विकास गर्ने,
- नेपालका जलवायु परिवर्तनका मुद्दाहरुको अन्तर्राष्ट्रियकरण गर्ने,
- हरित उत्थानशील र समावेशी विकासका लागि जलवायु वित्त परिचालन गर्ने,
- जलवायु परिवर्तनका सवालहरुको मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने,
- जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धानमा प्राथमिकता दिने,
- नीतिगत सुधार तथा संस्थागत क्षमता विस्तार गर्ने,
- जलवायु जोखिम र हानी नोक्सानी न्युनीकरण कार्यक्रम,
- स्थानीय अनुकूलनता प्रवर्द्धन कार्यक्रम,
- अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच अभिवृद्धि कार्यक्रम,
- अध्ययन अनुसन्धान र अनुगमन तथा मुल्याङ्कन प्रणाली सुदृढीकरण कार्यक्रम,
- नीतिगत सुधार तथा संस्थागत क्षमता विस्तार कार्यक्रम,

राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०) ले कृषि तथा खाद्य सुरक्षामा ११.२० अर्ब डलर, वन जैविक विविधता र जलाधार संरक्षणमा ८.७० अर्ब डलर, जलस्रोत र उर्जातर्फ ५.३५ अर्ब डलर, ग्रामिण तथा शहरी बसोबासतर्फ २.८५ अर्ब डलर, उद्योग यातायात र भौतिक पुर्वाधारतर्फ ३.०५ अर्ब डलर, पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदातर्फ १.१३ अर्ब डलर, स्वास्थ्य, खानेपानी तथा सरसफाईतर्फ ४.७५ अर्व डलर, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनतर्फ ८.०५ अर्ब डलर, लैङ्गिक समानता जीविकोपार्जन र सुशासनमा ०.७० अर्ब डलर, क्षमता विकास अनुसन्धान र जनचेतनातर्फ ०.१६ अर्ब डलर गरी कुल ६४ वटा कार्यक्रममा ४७.४० अर्ब डलरको कार्यक्रम तर्जुमा गर्नुपर्ने राष्ट्रिय अनुकूलन योजनामा उल्लेख गरिएको छ ।

राष्ट्रिय स्तरबाट मात्र नभई हरेक स्थानीय तह, प्रादेशिक तहबाट पनि जलवायु परिवर्तनको रणनीति तयार गरी कार्यान्वयन गरी विभिन्न सन्धिमा भएका सम्झौता कार्यान्वयनतर्फ जोड दिनुपर्ने देखिन्छ । प्रादेशिक जलवायु परिवर्तन रणनीतिक कार्य योजना अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । जलवायु अनुकूलन प्रदेश बनाउन जलवायु कार्यहरुबारे मार्गदर्शन तयार गर्न, वित्तीय प्रवाहको लागि वकालत, विकासको लागि एकीकृत र समन्वित दृष्टिकोण तयार गर्न हरेक क्षेत्रमा रणनितिक योजना तयार गर्नु जरुरी रहेको छ ।

### सन्दर्भ सामग्रीः

- विश्व बैंकको प्रतिवेदन
- एशियाली विकास बैंकको प्रतिवेदन, २०२०
- ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स, २०२०
- नेपाल सरकारको राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६
- नेपाल सरकारको वार्षिक बजेट कार्यक्रम, अर्थ मन्त्रालय २०८१/०८२
- रेड कार्यान्वयन केन्द्र, वन तथा वातावरण मन्त्रालयको प्रतिवेदन
- गृह मन्त्रालयको विपद् रिपोर्ट २०८१
- बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् प्रतिवेदन २०८१

# राष्ट्रिय बुद्धिचालमा रुपेश र सिन्दिराको अग्रता



समाज संवाददाता

हेटौंडाः नेपाल बुद्धिचाल महासंघको आयोजनामा आइतबारदेखि जारी राष्ट्रिय बुद्धिचाल प्रतियोगिता अन्तर्गत आठौं चरणको खेल सम्पन्न हुँदा एफएम रुपेश जयसवाल र सिन्दिरा जोशीले अग्रता कायम राख्दै उपाधि नजिक पुगेका छन्। २५ औं पुरुष राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा पूर्व नेपाल च्याम्पियन जयसवालले सिएम नवीन तण्डुकालाई पराजित गरेका हुन् । जयसवालले पूर्व युवा च्याम्पियन पुरुषोत्तम सिलवालसँग बराबरी खेलेका छन् ।

रौतहटका जयसवालले जारी प्रतियोगितामा २३०५ रेटिङ्ग पुऱ्याएका छन् । उनले उत्कृष्ट खेल प्रदर्शन गर्दै आफ्नो व्यक्तिगत ३३.८ रेटिङ्ग वृद्धि गर्न सफल भएका छन् । जयसवालले २०९३ रेटिङ्गवाट खेल प्रारम्भ गरेका थिए ।

हेटौंडास्थित होटल सामनाको सभाहलमा चलिरहेको प्रतिस्पर्धामा एफएम क्षितिज भण्डारी, काठमाडौंका पुरुषोत्तम सिलवाल र झापाका राजन सुवेदीले समान साढे ५ अंक जोडेर संयुक्त दोश्रो स्थान ओगटेका छन् । मकवानपुरका क्षितिजले २०९१ रेटिङ्ग स्तरको खेल खेल्दै आफ्नो ६ दशमलब ५ रेटिङ्ग वृद्धि गरेका छन् । उदीयमान पुरुषोत्तमले २०९० को स्तरीय खेल खेल्दै २२ रेटिङ्ग वृद्धि गरेका छन् । वर्तमान नेपाल च्याम्पियन राजनले २१३५ रेटिङ्ग पुऱ्याउँदै व्यक्तिगत ३२ दशमलब ८ रेटिङ्ग बढाउन सफल भएका छन् ।

प्रतियोगिताको अन्तिम तीन चरणको खेल बाँकी हुँदा सिएम शुश्रुत दहाल ५ अंक बनाउँदै तेस्रो स्थानमा छन् । झापाका शुश्रुतले २०४२ रेटिङ्ग पूरा गर्दै व्यक्तिगत ५ रेटिङ्ग वृद्धि गरेका छन् । दोलखाका आशीष फुँयाल र काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी ४ दशमलब ५ अंक जोडेर चौथो स्थानमा टिकेका छन् ।

यसैगरी, दशौं महिला राष्ट्रिय बुद्धिचाल स्पर्धामा वर्तमान महिला राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशी उत्कृष्ट प्रदर्शन गरी पुनः उपाधितर्फ बढेकी छिन् । काठमाडौंकी सिन्दिराले ६ दशमलब ५ अंक जोड्ने क्रममा पाँच जीत र तीन खेल बराबरी खेलेकी छिन् ।

नयाँ उदीयमान खेलाडीद्वय बाँकेकी इशा गिरी र काठमाडौंकी एञ्जल महर्जन दुबैले समान ६-६ अंक जोडेका छन् । संयुक्त दोश्रो स्थान प्राप्त गर्ने क्रममा युवा खेलाडी इशाले एक हार, पाँच जीत र दुई खेल बराबर खेलेकी हुन् । यस्तै, युवा एञ्जलले दुई खेलमा हार व्यहोरे भने ६ वटा खेलमा जीतको स्वाद चाखेकी छिन् ।

मोरङकी शान्ति धिमालले एक हार, एक बराबरी र ५ खेलमा जीत हासिल गर्दै ५ दशमलब ५ अंक जोडेर तेस्रो स्थानमा रहन सफल भएकी छिन् भने कीर्तिपुर काठमाडौंकी बिनिता कपालीले तीन हार र पाँच खेलमा जीत हासिल गर्दै सम्भावना जगाएकी छिन् ।

नेपाल बुद्धिचाल महासंघका महासचिव धरमबहादुर लामाका अनुसार राष्ट्रिय प्रतियोगिताको मापदण्ड अनुसार एक खेलमात्र सञ्चालन हुने दिनमा खेलाडीलाई रिफ्रेसमेण्ट दिन हेटौंडाको सहिद स्मारक र मकवानपुरगढी लगायत अन्य पर्यटकीय स्थलमा भ्रमण गराइएको छ । मकवानपुर जिल्ला बुद्धिचाल संघको स्थानीय रेखदेखमा सञ्चालन भइरहेको राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको थप दुई चरणको खेल शुक्रबार बिहान ९ बजे र दिउँसो ३ बजे हुनेछ ।

## कमाने प्रिमियर लिग क्रिकेट

# प्लेअफ समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः कमाने क्रिकेट क्लबको आयोजनामा जारी तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिताको प्लेअफ समीकरण पूरा भएको छ। बिहीबार हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको खेल मैदानमा समूह चरणको खेल सम्पन्न भएसँगै प्लेअफ समीकरण पूरा भएको हो ।

शनिबार कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिताका अन्तिम खेलहरु सञ्चालन हुनेछ । बिहीबारको खेलबाट प्लेअफमा प्रवेश गर्ने टिमको टुंगो लागेको छ । कमाने बुल्स, कमाने टाइगर, कमाने लायन्स र कमाने रोयल्स प्ले अफमा प्रवेश गरेको क्लबका अध्यक्ष किशोर खत्रीले बताउनुभयो । शुक्रबार मैदान सरसफाइ र मैदानको संरचनालाई व्यवस्थापन गर्नुपर्ने कारणले शनिबार फाइनल चरणको तथा अन्य खेलहरु सञ्चालन हुने अध्यक्ष खत्रीले बताउनुभयो ।

प्रतियोगिता आयोजनाका लागि ८ नम्बर वडा कार्यालयले २ लाख रुपैयाँ बजेट छुट्याएको छ। प्रतियोगिताका लागि प्रथम पुरस्कार जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देलले प्रायोजन गर्नुभएको छ भने म्यान अफ द म्याचको पुरस्कारको प्रायोजन इ प्लानेटका ब्राञ्च म्यानेजर सुमनराज भट्टराईले गर्नुभएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान र सर्वोकृष्ट बलरलाई पनि पुरस्कार प्रदान गरिने जनाइएको छ ।



*कमाने क्रिकेट लिगमा म्यान अफ द म्याचको ट्रफी हस्तान्तरण गरिँदै ।*

वडा नम्बर ८ भित्रका खेलाडीहरुको पहिचान बढाउन, क्रिकेट खेलको क्रेज बढाउन, खेलाडीहरुबीच भातृत्वको सम्बन्ध कायम गराउन, खेलाडीलाई राष्ट्रियस्तरमा पुऱ्याउन र क्रिकेट खेलको महत्वबारे बुझाउनका लागि प्रतियोगितालाई निरन्तरता दिइएको उहाँले बताउनुभयो । गत वर्ष भएको दोस्रो संस्करणको कमाने टी-१० प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि कमाने राइडर्सले जितेको थियो । फाइनल खेलमा पहिलो संस्करणको प्रतियोगिताको विजेतासमेत रहेको कमाने हन्टर्सलाई ९ विकेटले हराउँदै राइडर्सले उपाधि चुम्न सफल भएको थियो ।

# स्ववियुद्वारा विद्यार्थीलाई खेल सामग्री वितरण

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले विद्यार्थीलाई खेल सामग्री सहयोग गरेको छ । बिहीबार स्ववियुका कार्यवाहक अध्यक्ष अमृत देवकोटाले क्याम्पसका विद्यार्थीलाई फुटबल, भलिबल, व्याड्मिन्टन लगायतका सामग्री सहयोग गरेको हो ।

क्याम्पसका व्याचका प्रतिनिधि मार्फत विद्यार्थीलाई खेल सामग्री हस्तान्तरण गरेको कार्यबाहक अध्यक्ष अमृत देवकोटाले जानकारी दिनुभएको छ । विद्यार्थीलाई सक्रिय जीवनशैली अपनाउन र शिक्षासँगै खेलकुदको बुझाउनका लागि सामग्री सहयोग गरेको उहाँले बताउनुभयो । कार्यबाहक अध्यक्ष देवकोटाले भन्नुभयो, 'शिक्षा मात्र होइन, खेलकुदले समेत विद्यार्थीको समग्र व्यक्तित्वको विकासमा योगदान पुऱ्याउने हुनाले आज हामीले विद्यार्थीलाई शारीरिक र मानसिक रूपमा सशक्त बनाउँदै, शिक्षा र खेलको बीचको सन्तुलनको महत्वलाई स्पष्ट पार्न स्ववियु मार्फत खेलकुद सामग्री वितरण गरेका हौं ।' उहाँका अनुसार क्याम्पसमा अध्ययनरत स्नातक र स्नात्तकोत्तर तहका सबै विद्यार्थीलाई सहयोग गरिएको छ । सामग्री वितरण कार्यक्रममा स्ववियुका निराजन बुढा र कार्यसमितिका सदस्यका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# वडाध्यक्ष कप पुरुष भलिबलमा बिहीबार ३ खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१२, पदमपोखरीमा जारी वडाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको पहिलो खेलमा वडा नम्बर-१२ विजयी भएको छ । वडा खेलकुद विकास समितिको आयोजनामा बिहीबार भएका दोस्रो दिनको पहिलो खेलमा वडा-१३ लाई वडा-१२ ले ३-१ को सेटले पराजित गरेको हो ।

वडाध्यक्ष उपमहानगरपालिकास्तरीय भलिबल प्रतियोगिता पदमपोखरीको बुद्ध माध्यमिक विद्यालयको भलिबल कोर्टमा सञ्चालन भइरहेको छ। बिहीबारको पहिलो खेलको पहिलो सेटमा हेटौंडा-१२ हेटौंडा-१३ सँग २०-२५ को सेटले पराजित हुनुपरेको थियो । तर, दोस्रोदेखि चौथो सेटमा हेटौंडा-१३ लाई २५-१०, २५-१९ र २५-१२ को सेटले हेटौंडा-१२ ले सहजैसँग पराजित गरेको हो । खेलको म्यान अफ द म्याच हेटौंडा-१२ का उत्सव आले मगर घोषित भएका छन् ।

यस्तै, दोस्रो खेलमा वडा नम्बर-६ विजयी भएको छ । हेटौंडा उपमहागर पालिका वडा नम्बर-१५ को टिमलाई ३-० को सोझो सेटले हराउँदै हटौंडा-६ विजयी भएको हो । हेटौंडा-६ ले हेटौंडा-१२ लाई २५-२३, २५-२२ र २५-२३ को सेटले पराजित गरेको छ । खेलको म्यान अफ द म्याच हेटौंडा ६ बाट विवेक माझी घोषित भएका छन् ।

बिहीबार भएको तेस्रो तथा अन्मित खेलमा हेटौंडा-१७ विजयी भएको छ । हेटौंडा-१९ लाई ३-० को सोझो सेटले हराउँदै हेटौंडा-१७ विजयी भएको हो । हेटौंडा-१७ ले हेटौंडा-१९ लाई २५-२२, २५-१७ र २५-१८ को सेटले हराएको छ । खेलको म्यान अफ द म्याच हेटौंडा-१७ का विशेष थापा मगर घोषित भएका छन् ।

प्रतियोगिता अन्तर्गत आज शुक्रबार समूह चरणको ४ खेलहरु सञ्चालन हुने खेल संयोजक मनोज लामा स्याङ्तानले जानकारी दिनुभयो । शनिबारसम्म सञ्चालन हुने प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको प्रतियोगिता संयोजक स्याङ्तानले जानकारी दिनुभएको छ । प्रतियोगिता आयोजनाका लागि वडा कार्यालयले एक लाख २५ हजार रुपैयाँ बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार र उपविजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रथम पुरस्कार राशि हेटौंडा-१० स्थित नारायणी कलेजले प्रायोजन गर्ने भएको छ । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ट्रफी र नगद पुरस्कारको व्यवस्था गरिएको छ ।





## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## फ्ल्याट भाडामा चाहियो ?

**आवासीय प्रयोजनका लागि फ्ल्याट चाहिएको छ भने तुरुन्त सम्पर्क गर्नुहोला । हेटौंडा-५, भैरवरोड (भैरवमन्दिरबाट पूर्वतर्फ १०० मिटरभित्र) स्थित ३ तल्ले भवनको भुइँ तल्लाको फ्ल्याट एउटा लिभिङ रुम, २ वटा बेडरुम, किचेन र एट्याच बाथरुम भएको फ्ल्याट रहेकोले आवश्यक परिवारले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**सम्पर्क**
**९८०७१७२२४/९८४५६१८२८४**

## हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडा कार्यालयको

### सूचना

**नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमरमै विवाह गर्नु/गराउनु अवराध हो । बाल बिवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनको कारबाहीको दायरामा ल्याएको छ ।**

**मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको व्यवस्था बमोजिम बिवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी बिवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ ।**

**बालबालिकालाई बिवाह होइन, शिक्षा प्रदान गरौं।**
**जुना दाहाल**
**वडा अध्यक्ष तथा**
**११ नं. वडा कार्यालिय परिवार**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
**-थाईराईड**
**-क्यान्सर**
**-रक्तअल्पता**
**-वाथरोग**
**-बाँझोपन**
**-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

**सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।**

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ